परवानीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३, परवानीपुर, बारा | संख्याः ४ | मितिः२०७९।०१।२२

भाग–२

## विद्यालय शिक्षा विकास कार्यक्रम (२०१६-२०२३) अन्तर्गत

# समता रणनीति कार्यान्वयन योजना,२०७७

# परवानीपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा

प्रदेश नं.२,नेपाल

## पालिकाको नक्सा




स्रोत: स्वरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

# विद्यालय शिक्षा विकास कार्यक्रम (२०१६-२०२३) अन्तर्गत

# समता रणनीति कार्यान्वयन योजना,२०७७

# गाउँ शिक्षा समितिका पदाधिकारीहरु

- हरि नारायण प्रसाद साह कानु, गा.पा. अध्यक्ष-अध्यक्ष
- सुनिल चौरसिया, प्रमुख प्रशासकिय अधिकृत - सदस्य
- सन्जु साह, का.पा. सदस्य - सदस्य
- बलिराम प्रसाद सर्राफ, प्र.अ., जनता मा.वि.रामपुर टोकनी- सदस्य
- मंगेश्वर प्रसाद यादव, प्रिन्सिपल, हेरिटेज पब्लिक मा.वि.,बहुअरी - सदस्य
- उमा देवी राम, दलित म.स.- सदस्य
- विद्यानन्द प्रसाद यादव, शिक्षा अधिकृत- सदस्य सचिव

# समता रणनीति कार्यान्वयन योजना निर्माण कार्यदलका पदाधिकारीहरु

- विद्यानन्द प्रसाद यादव, शिक्षा अधिकृत - संयोजक
- रविन्द्र कुमार मिश्र, स्रोत व्यक्ति - सदस्य
- बलिराम प्रसाद सर्राफ, प्र.अ.- सदस्य

# विषय-सूची

## अध्याय १ परवानीपुर गाउँपालिकाको परिचय


१.१ पृष्ठभूमि
१.२ शिक्षाको कानुनी तथा संवैधानिक व्यवस्था
१.३ कार्यक्रमका मुख्य उद्देश्यहरु
१.४ कार्यक्रमको औचित्य
१.५ योजना निर्माण प्रक्रिया तथा तथ्याङ्कका स्रोतहरु
१.६ गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण
१.७. विद्यमान अवस्था, चुनौति तथा योजनाको खाका


## अध्याय : दुई- बालविकास/पूर्व प्राथमिक शिक्षा


२.१ बालविकास केन्द्र र पूर्व प्राथमिक शिक्षा
२.२ बालविकास केन्द्रका चुनौतिहरु
२.३ बालविकास केन्द्र सुधारका लागि समता रणनीति, यसका कार्यनीति र कार्यक्रम
२.४ बालविकास केन्द्रमा देखिएका चुनौति न्युनिकरण गर्ने उपायहरु :
२.५ अनुगमनका साधनहरु
२.६ प्रमुख कार्यक्रम तथा अनुमानित लागत


## अध्याय : तीन- आधारभूत तह शिक्षा


३.१ आधारभूत तह शिक्षा
३.२ योजना कार्यान्वयनका चुनौतिहरु
३.३ समता रणनीति तथा कार्यक्रम
३.४ प्राथमिकतामा राखिएका कार्यक्रमहरुको अनुमानित लागत
३.५ प्रमुख कार्यक्रम तथा अनुमानित लागत

# अध्याय १  परवानीपुर गाउँपालिकाको परिचय

## १.१ पृष्ठभूमि

हाल नेपालको सन्दर्भमा भौगालिक क्षेत्रको आधारमा मुलुककै सबैभन्दा सानो गाउँपालिकाको चिनारी पाएको गाउँपालिका हो परवानीपुर  गाउँपालिका । परवानीपुर गाउँपालिका प्रदेश नं.२ अर्न्तगत बारा जिल्लाको पश्चिममा तथा औद्योगिक क्षेत्र एवं त्रिभुवन राजमार्गसँग जोडिएको छ । जसको क्षेत्रफल १५.४८ वर्ग किलो मिटर रहेको छ भन्ने यहाँको जनसंख्या २२,७८७ छ । यस गाउँपालिकालाई ५ वटा वडामा विभाजित गरिएको छ । जसमा साविकका गा.वि.स.हरु बहुअरी,लिपनीमाल,रामपुरटोकनी र बुनियाद समावेश गारिएका छन् । वडा नं.१,बुनियादको क्षेत्रफल ५.४६ वर्ग कि.मी.रहेको छ भन्ने जनसंख्या ५,६५१ रहेको छ । यसैगरी वडा नं.२,रामपुरटोकनीको क्षेत्रफल ३.९७ र जनसंख्या ४२९०,वडा नं ३, लिपनीमालको क्षेत्रफल १.७६ र जनसंखया ४१७७,वडा नं.४,चैनपुरविर्ताको क्षेत्रफल १.५७ र जनसंख्या ३७०४ र वडा नं.५,बहुअरीको क्षेत्रफल २.७२ वर्ग कि.मी.र जनसंख्या ४९६५ रहेको छ ।

## १.२ शिक्षाको कानुनी तथा संवैधानिक व्यवस्था

सबैका लागि शिक्षाको विश्वव्यापी घोषणा सन् १९९० (Word Declaration or Education for All 1990) तथा इन्चोन घोषणा सन् २०१५, दिगो विकास लक्ष्य (Sustainable Development Goal SDG) सन् २०१६-२०३० को विकास लक्ष्य नं. ४ : “सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइका अवसरको प्रवद्धन गर्ने” जस्ता अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु पुरा गर्नका लागि नेपाल सरकारको प्रतिवद्धता रहेको अवस्था छ । सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गर्ने मुख्य साधनका रुपमा विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan SSDP) सन् २०१६-२०२३ को कार्यान्वयनमा छ ।

नेपालको संविधानमा प्राम्भिक बाल विकास शिक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षाको व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहमा रहने व्यवस्था गरीएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ स्थानिय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा ११ उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षा कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा नियमन समेतको अधिकारको व्यवस्था गरीएको छ । स्थानिय सरकारले आफ्नो क्षेत्र भित्र विद्यालय आएका र आउन बाँकी बालबालिकाको पहिचान गरी तिनीहरुलाई सहयोग  पुऱ्याउनु पर्ने, त्यसका लागि कानून निर्माण गरी स्वीकृत गरेर कार्यान्वयन संयन्त्र निर्माण गर्नु पर्ने, विपन्न अभिभावक वा घरपरिवारलाई आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने, निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनमा ध्यान दिनु पर्ने, छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने, दिवा खाजाको व्यवस्था गर्नु पर्ने, प्राथमिक उपचारको व्यवस्था गर्नु पर्ने, समावेशीताको सिद्धान्त अनुसार विशेष सहयोग पुऱ्याउनु पर्ने, विद्यार्थीका लागि बालमैत्री विद्यालय र कक्षाकोठाको व्यवस्था गर्नु पर्ने गरी प्रारम्भिक बाल विकास केन्द्र, पूर्व प्राथमिक विद्यालय, आधारभूत तह, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, सामुदायिक अध्ययन केन्द्र, मदरसा तथा शिक्षासँग

सम्बन्धित कार्यालयहरुलाई आफ्नो मातहतमा राखि व्यवस्थापन गर्ने व्यवस्था संविधान तथा ऐन कानूनले गरेको छ । उक्त ऐनले विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, विद्यालयको नक्साङ्कन व्यवस्थापन लगायत अनुमति, स्वीकृति, समायोजन तथा नियमन समेतको व्यवस्था गरेको छ ।
नेपालको संविधानको भावना अनुसार नेपालका सबै बालबालिकाहरुलाई आधारभूत तह सम्मको शिक्षा निः शुल्क तथा अनिवार्य हुने भनेर शिक्षालाई मौलिक हकको रुपमा नै व्यवस्था गरिएको छ । यही संवैधानिक मान्यतालाई कार्यान्वयन गर्न विश्वका विभिन्न शिक्षा फोरमहरुमा नेपालले विभिन्न समयमा विभिन्न किसिमका प्रतिवद्धताहरु गर्दै त्यसलाई कार्यन्वयन गर्न विभिन्न किसिमका कार्यक्रमहरु आवधिक कार्यक्रमका रुपमा कार्यान्वयन गर्दै आएको छ जसले नेपालका सबै बालबालिकाहरुलाई शिक्षामा समान अवसर सिर्जना गरेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनले संवैधानिक रुपमा स्थानिय तहलाई दिइएका अधिकारहरुको प्रयोगमा थप मार्ग चित्र प्रस्तुत गर्दै शिक्षा प्राप्तिको मौलिक हकलाई कार्यान्वयन गर्न थप सहज भएको छ ।
यही यर्थाथलाई मध्यनजर गर्दै परवानीपुर गाउँपालिकाले पनि शिक्षा सम्बन्धि विभिन्न किसिमका ऐन नियम तथा कार्यविधिहरु तर्जुमा गरी कार्यन्वयनमा जाने क्रममा रहेको छ भने स्थानीय शिक्षा नीति निर्माण गरी सोही आधारमा गाउँपालिकाका हरेक किसिमका शैक्षिक गतिविधिहरु संचालन हुनु पदर्छ भन्ने कुरा पनि उठ्न थालेको छ । त्यस्तै यस गाउँपालिकामा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराई सक्रिय सहभागितामा सिकाइ स्तर बढाउदै लैजानको लागि विद्यालय शिक्षा विकास कार्यक्रम अन्तर्गत समता रणनीति कार्यान्वयन योजना लागु गरिएको हो ।

## १.३ कार्यक्रमका मुख्य उद्देश्यहरु

यस कार्यक्रमका मुख्य उद्देश्य विद्यालय उमेरका बालबालिकाहरुलाई शिक्षामा पहुँच बृद्धि गरी शैक्षिक कार्यकलापहरुमा सहयोग गर्नुका साथै विद्यार्थीहरुको सिकाइ उपलब्धिमा बृद्धि गर्नु नै हो । यसका साथै यस कार्यक्रमका उद्देश्यहरु देहाय अनुसार हुनेछन् :
१) विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुलाई विद्यालय भर्ना गरी टिकाइ राख्नका लागि विभिन्न प्रकारका प्रोत्साहनमूलक कार्यक्रमहरु संचालन गर्ने ।
२) विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय नपठाउने घर परिवारलाई सरकारी सेवा सुविधा प्राप्त गर्न अनिवार्य शर्तको रुपमा लागु गर्न आवश्यक कार्यबीधि तर्जुमा गर्ने ।
३) गाउँपालिका भित्रका आधारभूत तहका शिक्षकहरुलाई निरन्तर विद्यार्थी मुल्यांकन, बुक कर्नर प्रयोग, बालविकास व्यवस्थापन सम्बन्धि तालिम दिने तथा निरन्तर मूल्यांकन प्रणाली अबलम्बन गर्ने ।
४) शिक्षकहरुलाई प्रोत्सहान दिन गाउँ शिक्षक पुरस्कारको व्यवस्था गरी प्रत्येक वर्ष कुनै अवसर पारेर उत्कृष्ट वर्ष शिक्षक घोषणा गरी पुरस्कृत गर्दै जाने ।
५) गाउँपालिका क्षेत्र भित्र शिक्षामा सकारात्मक सहयोग पुऱ्याउने संघसंस्थाहरुको कार्यलाई समता र समावेशी शिक्षाका कार्यक्रमहरुमा जोड्ने ।
६) विद्यालय दिवा खाजा प्रणालीलाई विद्यार्थीहरुको नियमितता सँग जोड्ने ।
७) गरिबीका कारणले विद्यालय नजाने बालबालिकाहरुको पहिचान गरी विद्यालय शिक्षामा सहभागि गराउन आर्थिक सहयोगको व्यवस्था गर्ने ।
८) छात्राहरुलाई विद्यालय शिक्षामा आकर्षित गर्न छात्रवृत्ति, विद्यालय नियमितता भएमा प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

९) विद्यालयबाट हुने शैक्षिक भ्रमण कार्यक्रमलाई सिकाइ कार्यकलापसंग संयोजना गर्न विद्यालयहरुलाई सहयोग गर्ने ।
१०) गाउँपालिका क्षेत्र भित्र रहेका सुस्त मनस्थिति लगायत फरक क्षमता भएका बालबालिकाहरुको अध्ययनमा सहयोग गर्न छात्रवृत्ति तथा अन्य प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने ।
११) विद्यालयमा साप्ताहिक अतिरिक्त क्रियाकलाप तथा खेलकुद गतिबिधिहरु संचालन गर्न सहयोग गर्ने।

## १.४ कार्यक्रमको औचित्य

यस गाउँपालिकामा समता रणनीति कार्यन्वयन योजना लागु गर्नुको मुख्य औचित्य सबै किसिमका विद्यालय उमेर समुहका बालबालिकाहरुको विद्यालयमा पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा बढोत्तरी गर्नु नै हो यसका अतिरित्त यस योजनाका औचित्यहरु देहाय अनुसार हुनेछन् :
(क) यसले विद्यालय बाहिर रहेका विद्यालय उमेरका विशेष गरी आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाहरुको शिक्षा प्राप्त गर्न पाउने हकलाई सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।
(ख) यो योजनाले बालबालिकाहरुलाई विविध शैक्षिक गतिविधिहरुमा सक्रिय सहभागी गराइ टिकाइ राख्न सहयोग गर्दछ ।
(ग) यसले बालबालिकाहरुको सिकाइलाई बढोत्तरी गर्नका लागि सहयोग गर्दछ ।
(ङ) यो कार्यक्रमले सबै बालबालिकाहरुलाई समता र समावेशी कार्यनीतिको अवलम्बलन गरी विद्यालय शिक्षा प्रति आकर्षण गर्दछ ।

## १.५ योजना निर्माण प्रक्रिया तथा तथ्याङ्कका स्रोतहरु

परवानीपुर गाउँपालिकाको समता रणनीति कार्यान्वयन योजना तर्जुमा गर्ने क्रममा निम्नानुसारको प्रक्रिया तथा तथ्याङ्कका स्रोतहरु अवलम्वन गरियो :
(१) योजना निर्माण कार्यदलले गाउँपालिका भित्रका शैक्षिक सरोकारवालाहरु वुद्धिजिवि, शिक्षक, गाउँकार्यपालिकाका निर्वाचित पदाधिकारीहरु, विभिन्न संघसस्थाहरुका प्रतिनिधिहरुसँग छुट्टा छुट्टै छलफल तथा अर्न्तक्रिया गरी समता रणनीति कार्यक्रमले समेट्न सक्ने सम्भावित कार्यक्रमहरुको बारेमा धारणा संकलन गरियो ।
(२) समता रणनीति कार्यन्वयन योजनामा लिइएका तथ्याङ्कका स्रोतहरु निम्न स्रोतबाट लिइएको थियो:

- ☐ शैक्षिक सत्र २०७७ को IEMIS मा अपलोड गरिएको तथ्याङ्कहरु,
- ☐ घरधुरी सर्भेक्षण २०७७ का तथ्याङ्कहरु,
- ☐ शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त भएको जिल्ला, प्रदेश तथा राष्ट्रको तुलनात्मक शैक्षिक तथ्याङ्कहरु र
- ☐ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा प्राप्त भएका शैक्षिक तथ्याङ्कहरु ।
- ☐ गा.पा.अध्यक्ष, गा.पा.उपाध्यक्ष, वडा अध्यक्ष ज्युहरु, वडा सदस्यहरुज्युहरु, जिल्ला समन्वय समितिका पदाधिकारीहरु ,प्रदेश तथा संघीय सांसद ज्युहरु ।
- ☐ प्रमुख प्रशासकीय अधिकृत ज्यु, शिक्षा शाखा संयोजक ज्यु, विद्यालय निरीक्षिक ज्यू, शिक्षा विकास तथा समन्वय इकाइ ।

☐ प्रधानाध्यापक ज्यूहरु तथा  अभिभावकज्यूहरु ।

☐ यसका साथै तपसिल बमोजिमका स्रोतहरुबाट तथ्याङ्क संकलन गरिएको :

क) वार्षिक परीक्षा नतिजा विवरण/विद्यार्थी सिकाई उपलब्धि,
ख) विद्यार्थी भर्ना विवरण,
ग) विद्यालय बाहिर रहेका बाल बालिकाहरु विद्यालय भित्रिंदा विद्यालयहरुमा वृद्धि हुने विद्यार्थी विवरण,
घ) शैक्षिक सामाग्री/बाल खेल सामाग्री कुल कर्नर व्यवस्था सम्बन्धी अभिलेखहरु,
ङ) सामाजिक परिक्षण प्रतिवेदन ।

## १.६ गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण

परवानीपुर गाउँपालिकाको शैक्षिक अवस्था देश, प्रदेश र जिल्लाको अवस्थाको तुलनामा सन्तोषजनक रहेको देखिन्छ। यहाँको साक्षरता दर पनि नेपालको औषत साक्षरता दरको तुलनामा राम्रो रहेको पाइन्छ वि.सं.२०६८ को राष्ट्रिय जनगणनामा नेपालको साक्षरता दर ६५.९ प्रतिशत रहेकोमा गाउँपालिका पार्श्व चित्र अनुसार यस गाउँपालिकाको साक्षरता दर ७२.५ प्रतिशत रहेको देखिन्छ ।

परवानीपुर गाउँपालिकाको समता रणनिति कार्यान्वयन योजना तर्जुमाको क्रममा गरिएको स्थलगत सर्वेक्षण २०७७ बाट पाइएको नतिजा :

१. कुल घर धुरी संख्या : ३,८९१
२. कुल जम्मा जनसंख्या : २२,७८७
३. कुल साक्षर जनसंख्या : ७२.५
४. कुल निरक्षर जनसंख्या : २७.५
५. कुल विद्यालयमा पढ्ने बालबालिकाहरुको संख्या : ५,९८८
६. कुल मदरसामा पढ्ने बालबालिकाहरुको संख्या :  ३७६            अपाङ्गता भएको जनसंख्या : १९५

८. शिक्षाबाट बञ्चित  विद्यालय जाने उमेर समुहका बालबालिकाहरुको संख्या :

| वडा नं. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ४२ | ४५ | ८७ |
| २ | १३६ | १६३ | २९९ |
| ३ | १९ | १४ | ३३ |
| ४ | १९६ | १९५ | ३९१ |
| ५ | ४३ | ४१ | ८४ |

स्रोतः-घरधुरी सर्वेक्षण,शैक्षिक तथ्यांक र गाउँ पार्श्व चित्र

## ९. विद्यालयहरुको तहगत विवरण

| क्र.सं. | वडा नं. | विद्यालय संख्या : जम्मा ९ वटा | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | | | | | संस्थागत | | | | | धार्मिक | |
| | | आधारभूत | | | माध्यमिक | | आधारभूत | | | माध्यमिक | | | |
| | | १-३ | १-५ | १-८ | १-१० | १-१२ | १-३ | १-५ | १-८ | १-१० | १-१२ | | |
| १ | १ | १ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | |
| २ | २ | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | |
| ३ | ३ | ० | ० | ० | ० | १ | १ | १ | | १ | ० | १ | मदर्सा |
| ४ | ४ | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | |
| ५ | ५ | ० | १ | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | |
| **जम्मा** | | **८** | | | | | **६** | | | | | **१** | |

## १०. शैक्षिक सत्र २०७७ को कक्षागत विद्यालयका विद्यार्थी विवरण

| क्र.सं. | वडा नं. | विद्यार्थी विवरण | | | | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | | | संस्थागत | | | धार्मिक | | | | |
| १ | १ | छात्रा | छात्र | ज. | छात्रा | छात्र | ज. | छात्रा | छात्र | ज. | १०९० | |
| | | ५७० | ५२० | १०९० | ० | ० | ० | ० | ० | ० | | |
| २ | २ | ६५५ | ६०८ | १२६३ | ० | ० | ० | ० | ० | ० | १२६३ | |
| ३ | ३ | ७१० | ५८१ | १२९१ | २०५ | २८७ | ४९२ | १६२ | २१४ | ३७६ | २१५९ | |
| ४ | ४ | २३२ | १७८ | ४१० | २७२ | ४०६ | ६७८ | ० | ० | ० | १०८८ | |
| ५ | ५ | ६३ | ४५ | १०६ | २४५ | ४५६ | ७०१ | ० | ० | ० | ८०७ | |
| **जम्मा** | | २२३० | १९३२ | ४१६० | ७२२ | ११४९ | १८७१ | १६२ | २१४ | ३७६ | ६४०७ | |

स्रोतः- एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली

## ११. शैक्षिक सत्र २०७६ को सिकाई उपलब्धि

| कक्षा विषय | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | कक्षागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ५४ | ४७ | ५६ | ० | ५५ | ४४ | |
| २ | ४८ | ४९ | ६४ | ० | ५७ | ४४ | |
| ३ | ५१ | ५० | ५९ | ० | ६३ | ४५ | |
| ४ | ६१ | ४८ | ५४ | ६१ | ६२ | ५७ | |
| ५ | ५५ | ५३ | ६३ | ५७ | ५८ | ५७ | |
| १-५ | ५४ | ४९ | ५९ | ५९ | ५९ | ५६ | |
| ६ | ५७ | ४८ | ६१ | ५७ | ५४ | ५५ | |
| ७ | ५५ | ५१ | ५८ | ५४ | ६३ | ५६ | |
| ८ | ५२ | ५६ | ६४ | ५३ | ६१ | ५७ | |
| ६-८ | ५५ | ५२ | ६१ | ५५ | ५९ | ५६ | |
| १-८ | ५५ | ५१ | ६० | ५७ | ५९ | ५६ | |

स्रोतः- विद्यालयबाट प्राप्त नतिजा फाराम

## १२. शिक्षक दरबन्दी विवरण

| तह | स्वीकृत दरवन्दी | राहत अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|
| बाल विकास | | | १४ | |
| प्राथमिक | २३ | ८ | ३१ | |
| निम्नमाध्यमिक | १० | ० | १० | |
| माध्यमिक | ६ | ३ | ९ | |
| उच्चमाध्यमिक | ० | ४ | ४ | |
| **जम्मा** | **३९** | **१५** | **६८** | |

स्रोतः- एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली

## १३. अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयनको अवस्था :-

| वडा नं. | निरक्षर | गत आ.व.०७७७०७८ मा साक्षर भएको | बाँकी निरक्षर |
|---|---|---|---|
| १ | ९३५ | | ९३५ |
| २ | १०२१ | | १०२१ |
| ३ | ३४४ | २०० | १४४ |
| ४ | ६२४ | | ६२४ |
| ५ | ९८ | ७५ | २३ |
| **जम्मा** | ३०२२ | २७५ | २७४७ |

स्रोतः- घरधुरी सर्वेक्षण

### १.७. विद्यमान अवस्था, चुनौति तथा योजनाको खाका

तथ्याङ्क विश्लेषणको क्रममा माथिका तथ्यहरुबाट यस पालिकाको शैक्षिक अवस्था र यहाँका बालबालिकाहरुको विद्यालयमा पहुँचको अवस्था थाहा भएको छ । पालिका भित्र स्थापना भएका विद्यालय र विद्यालय उमेरका बालबालिकाहरुको अनुपात असन्तुलित देखिएको तथा विद्यालयमा भर्ना भएका बालबालिकाहरुको अनुपातमा शिक्षक व्यवस्थापन तथा भौतिक संरचना नहुनु साथै सामाजिक रुढिबादी प्रचलनले गर्दा बालिकाहरुलाई विद्यालयको पहुँच कम दिइनु, बालविकास केन्द्रहरु विद्यालय उमेरका सबै बालबालिकाहरुको पहुँचमा नहुनु आदिले यहाँको शैक्षिक अवस्था अति नै पछाडी परेको देखिन्छ ।

अगामी आर्थिक वर्षबाट लागु हुने समता रणनीति कार्यन्वयन योजनाले विद्यालय उमेर समूहका बालबालिकाहरुको शिक्षामा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । योजना निर्माण गर्ने क्रममा असल अभ्यासहरुलाई निरन्तरता दिदै योजनालाई परिचय, बालविकास/पूर्वप्राथमिक शिक्षा र आधारभूत शिक्षा गरी तीन ओटा अध्यायहरुमा विभाजन गरिएकोमा परिचय खण्ड यस भन्दा अगाडी नै उल्लेख गरी सकियो भने बाल विकास/पूर्वप्राथमिक शिक्षा र आधारभूत शिक्षालाई छुट्टा छुट्टै खण्डमा पछिल्ला अध्यायहरुमा कार्यक्रम कार्यान्वयन मार्गचित्र सहित प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई- बालविकास/पूर्व प्राथमिक शिक्षा

### २.१ बालविकास केन्द्र र पूर्व प्राथमिक शिक्षा

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार ४ वर्ष उमेरका बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा पूर्व प्राथमिक शिक्षा दिन सकिने व्यवस्था रहेको छ । यस्तै संघिय शिक्षा ऐन २०२८ ले पनि चार बर्षका बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिक बाल शिक्षा दिन सकिने व्यवस्था गरेको छ । यसै कुरालाई कार्यन्वयन गर्ने क्रममा नेपालका प्रत्येक विद्यालयमा आधारित भई तथा समुदायमा आधारित भई बालविकास केन्द्रहरुको स्थापना गरिएका छन् । यसरी स्थापना भएका बालविकास केन्द्रले ४ वर्ष उमेरका बालबालिकाहरुलाई पूर्व प्राथमिक शिक्षा दिने गरेका छन् ।

### २.२ बालविकास केन्द्रका चुनौतिहरु

यस पालिका भित्र विद्यालयमा आधारित बाल विकास केन्द्रहरु स्थापना भई संचालनमा रहेका छन् जसको विवरण देहाय अनुसार रहेको छ :

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | संचालित कक्षा | बाल विकास कक्षा संख्या |
|---|---|---|---|
| १ | भोजभगत मा.वि.,परवानीपुर ३,लिपनीमाल | १-१२ | १ |
| २ | जनता मा.वि.परवानीपुर २,रामपुरटोकनी | १-१२ | २ |

| | | | |
|---|---|---|---|
| ३ | ने.रा.मा.वि.परवानीपुर १,बुनियाद | १-१० | १ |
| ४ | ने.रा.आ.वि.परवानीपुर १,रहरियाडीह | १-६ | ३ |
| ५ | ने.रा.आ.वि.परवानीपुर ४,चैनपुर | १-७ | २ |
| ६ | ने.रा.आ.वि.परवानीपुर ५,बहुअरी | १-५ | २ |
| ७ | ने.रा.आ.वि.परवानीपुर २,मुसहरी | १-५ | २ |
| ८ | ने.रा.आ.वि.परवानीपुर १,गौनहरी | १-३ | ० |
| ९ | मदर्सा इस्लामिया फैजुन नवी,परवानीपुर ३,लिपनीमाल | १-५ | १ |

यसरी यस पालिका भित्र १ मदर्सा सहित ८ ओटा विद्यालयमा संचालित बाल विकास केन्द्रहरुको विवरण हेर्दा बालबालिका र सहजकर्ताको अनुपात नमिलेको देखिन्छ जसले विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरेतापनि उनिहरुलाई टिकाइ राख्न अति नै चुनौतिपूर्ण रहेको छ। यसका साथै यस पालिका भित्रका बालविकास केन्द्रका चुनौतिहरु निम्नानुसार रहेका छन् :

क) बालबालिका संख्या र सहजकर्ताको अनुपात नमिल्नु,

ख) बालमैत्री भौतिक संरचना नभएको कारण बालबालिकाहरु बालविकास केन्द्र प्रति आकर्षण नहुनु,

ग) केन्द्रमा भर्ना भएका र हुन सक्ने बालबालिकाहरुलाई सिकाइ सहजिकरण गर्ने सहजकर्ताको अभाव हुनु तथा नियुक्त भएका सहजकर्ताहरुको पारिश्रमिक श्रम ऐनले तोके अनुसार नहुनाले सक्षम व्यक्ति लाई सहजकर्ताको रुपमा टिकाइ राख्न कठिन भएको छ।

घ) बालविकास केन्द्रलाई आवश्यक पर्ने भौतिक तथा शैक्षिक सामाग्रीहरुको व्यवस्थापन गर्न हुन नसक्नु।

## २.३ बालविकास केन्द्र सुधारका लागि समता रणनीति, यसका कार्यनीति र कार्यक्रम

परवानीपुर गाउँपालिका भित्र संचालित विभिन्न बालविकास केन्द्रहरु मातृ विद्यालयमा आधारित रहेका छन्। यी बाल विकास केन्द्रमा विद्यमान बालबालिकाहरुलाई अनुकूल किसिमका कक्षा कोठा, शैक्षिक सामाग्रीहरु तथा अन्य व्यवस्थापकिय पक्षमा विद्यालय तथा अन्य सरोकारवाला पक्षहरुले ध्यान नदिएको कारण विद्यालय मातहतमा रहेर पनि अभिभावक विहिन जस्तो अवस्था देख्न सकिन्छ। बालविकास केन्द्रको समग्र पक्षलाई सुधार गर्दै बाल आकर्षणको केन्द्र बनाउनका लागि सम्बन्धित पक्षहरुको ध्यान केन्द्रित गर्दै तालिकामा उल्लेखित विविध पक्षहरुलाई कार्यान्वयनमा जानका लागि गत आ.व.मा तर्जुमा गरिएका तथा केही नयाँ पक्षहरुको समेत पहिचान गरिएको छ। माथि उल्लेखित समस्याहरुलाई समाधान गर्दै विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय प्रति आकर्षित गर्न, टिकाइ राख्न र सिकाइमा गुणस्तरियता कायम गर्नका लागि देहाय अनुसारका रणनीति, कार्यनीति र तीनलाई सम्बोधन गर्ने खालका कार्यक्रमहरुको तर्जुमा गरिएको छ।

| रणनीति | कार्यनीति | कार्यक्रम | समता रणनीतिलाई सम्बोधन गर्ने पाटो | लक्षित समूह | प्राथमिकता |
|---|---|---|---|---|---|
| १. बालविकास उमेर समूहका बालबालिकाहरुलाई बालविकास केन्द्रमा पहुँच पुऱ्याउने । | १.१ विद्यालय भर्ना नभएका बालबालिकाहरुको पहिचान गरी बा.वि.केन्द्रमा भर्ना गरिनेछ ।<br>१.२ बालविकास केन्द्रका बालबालिकाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । | १.१.१ बालविकास केन्द्रका बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप विभिन्न सामाग्रीहरु वितरण गर्ने ।<br>१.१.२ विद्यालय बाहिरका बालबालिकाहरुको पहिचान र भर्नामा वडा समितिका पदधिकारी, शिक्षक, स्वयम्सेवकहरुलाई परिचान गर्ने । | ☐ पहुँच | ☐ बालविकास उमेरका बालबालिकाहरु | पहिलो |
| २. पोषण, सरसफाइ, बालविकास र बालअधिकारको बारेमा अभिभावकहरुलाई सचेत गराउने । | २.१ पोषण, सरसफाइ, बालबिकास तथा बालअधिकारको बारेमा अभिभावकलाई सचेत गरी गभावस्था देखि चार वर्ष उमेर समूहका बालबालिकाहरुको बिकासलाई सुनिश्चित गरिनेछ ।<br>२.२ स्वास्थ्य केन्द्रबाट उपलब्ध हुने खोप सेवालाई | २.१.१ पोषण, सरसफाई, बालविकास तथा जन्मदर्ता लगायतका बालअधिकारको विषयमा अभिभावकहरुलाई सचेतना मूलक तालिम संचालन गर्ने ।<br>२.१.२ सबै बालविकास केन्द्रमा दिवा खाजाको व्यवस्थालाई थप प्रभावकारी | ☐ बालविकासहरु विद्यालयमा नियमित हुने छन् ।<br>☐ अभिभावकहरु पोषण, सरसफाई तथा बालअधिकारका कुराहरु व्यवहारमा ल्याउने छन् । | ☐ बालविकासका अभिभावकहरु<br>☐ बालविकास उमेरका बालबालिकाहरु | पहिलो |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनिवार्य गरिनेछ । | बनाउने ।<br>२.१.३ बालबालिकाको स्वास्थ्यको लागि नियमित खोप सेवा तथा स्वास्थ्य परीक्षण अनिवार्य गर्ने र विद्यालय भर्नामा जन्मदर्ता अनिवार्य गर्ने । | | | |
| ३. नयाँ बालविकास केन्द्रको व्यवस्थापन गर्ने । | ३.१ आवश्यकता पहिचान गरी नयाँ बालविकास केन्दको स्थापना र व्यवस्थापन गरिनेछ । | ३.१.१ बालविकास केन्द्र जाने बालबालिकाको संख्या र बालबिकास केन्द्रको दुरीको विश्लेषण गरी गाउँपालिकाको आर्थिक सहयोगमा नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।<br>३.१.२ नयाँ स्थापना भएका बालविकास केन्द्रका सहजकर्ताहरुलाई पालिकाको सहयोगमा पारिश्रमिक उपलब्ध गर्ने । | □ बालविकास उमेरका बालबालिकाहरुको बा.वि.के.मा पहुँच बृद्धि हुने । | सम्बन्धित उमेर समूहका बालबालिकाहरु | दोस्रो |
| ४. उत्कृष्ठ बालविकास केन्द्रलाई प्रोत्साहन गर्ने । | ४.१ गाउँपालिका भित्र संचालित बालविकास केन्द्रहरु मध्ये उत्कृष्ठ केन्द्रको पहिचान गरी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । | ४.१.१ गाउँपालिकाभित्रका बालविकास केन्द्रको अध्ययन गरी नमुना बालविकास केन्द्रको रुपमा विकास गर्न | □ बालविकास केन्द्रहरुको बीचमा सकारात्मक प्रतिप्रर्धा बृद्धि भई नमुना केन्द्र विकासमा | बालविकास केन्द्र | पहिलो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रोत्साहन स्वरुप नगद तथा सामाग्री पुरस्कारको व्यवस्था गर्ने । | सहयोग पुग्ने | | |
| ५. बालविकास केन्द्रका शिक्षक ( सहजकर्ता) हरुको क्षमता अभिवृद्धि गरी सिकाइ क्रियाकलापलाई गुणस्तरीय बनाउने । | ५.१ सबै बालविकास केन्द्रका शिक्षकहरुको क्षमता विकास गरी सिकाई क्रियाकलापलाई सुधार गरिनेछ ।<br>५.२ हाल संचालनमा रहेको बालविकास केन्द्रको अवस्था विश्लेषण गरी बालविकास केन्द्रहरुको बसाई तथा सिकाई सामग्रीहरुको व्यवस्था गरिनेछ ।<br>५.३ प्रारम्भिक बालविकास केन्द्र उमेर समुहका सबै बालबालिकाहरुको चौतर्फी विकास, आधारभूत भाषिक र गणितीय सिप सिकेको सुनिश्चित गरिनेछ । | ५.१.१ सहजकर्ताहरुको लागि बसाइ व्यवस्थापन, शैक्षिक सामग्री निर्माण सहित आधारभूत तथा पुर्नताजगी तालिम दिने ।<br>५.१.२ बालविकास केन्द्रका सहजकर्ताहरुको विषयगत त्रैमासिक कार्यशाला गोष्ठी संचालन गर्ने ।<br>५.२.१ बालविकास केन्द्रमा शैक्षिक सामाग्री राख्ने दराजको व्यवस्था गर्ने,<br>५.३.१ बालबालिकाको व्यक्तिगतक्षमता पहिचान गरी स्थानीय भाषामा सिकाई क्रियाकलाप गर्ने । | सिकाई उपलब्धीमा वृद्धि हुने । | बालविकास उमेर समुहका बालबालिकाहरु | पहिलो |
| केन्द्रमा मनोरंजनात्मक सिकाइ सामग्रीहरुको व्यवस्था गर्ने । | ६.१ बालविकास केन्द्रलाई आकर्षक र प्रर्याप्त मनोरंजनात्मक सिकाई समाग्रीको व्यवस्था गरी बालविकासलाई | ६.१.१ बाहिरी खेलहरु (चिप्लेटी, चाकाचुली आदि) का साथै भित्री खेल समाग्रीहरु व्यवस्था गर्न सम्भाव्यता | ☐ विद्यालय छाड्ने दरमा कमि आउने । | लक्षित समूहका बालबालिकाहरु | पहिला |

| | | | | | |
|---|---|---|---|---|---|
| | नियमित गरिनेछ । ६.२ यस्ता समाग्रीहरुको निरन्तर प्रयोग तथा संक्षरणको सुनिश्चिता गरिनेछ । | अध्ययन गरी सो अनुसार व्यवस्थापन गर्ने । ६.१.२ बालविकास केन्द्रका बालबालिकाहरुलाई आधारभूत भाषिक तथा गणितिय ज्ञान सहितको सहयोगी पाठ्यपुस्तक वितरण गर्ने । ६.१.३ बालविकास केन्द्र नियमित अनुगमन तथा सहयोग गर्ने । ६.२.१ बा.वि.केन्द्रको सुरक्षाका लागि सहजकर्तालाई जिम्मेवारी बनाइने छ । | | | |
| ७. बालविकास केन्द्रमा सुशासन तथा पादर्शिता बनाई अभिभावकहरुको सहभागिता बढाउने । | ७.१ वि.व्य.स.लाई बालविकास केन्द्रको रेखदेख तथा व्यवस्थापनमा जिम्मेवार बनाइनेछ । | ७.१.१ बालविकास केन्द्रका पदाधिकारीहरुको क्षमता विकासका लागि अन्तर्क्रियात्मक कार्यक्रम संचालन गर्ने । ७.१.२ बालविकासको गतिविधिको बारेमा अभिभावकलाई जानकारी दिन विद्यालयगत अभिभावक भेला तथा छलफल | □ सरोकारवालाको भूमिक बृद्धि हुने । | बालविकास उमेर समूहका बालबालिकाहरु | दोस्रो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गरिनेछ । | | | |
| ८. बलविकास केन्द्रको भौतिक व्यवस्थापन सुधार गर्ने । | ८.१ प्रत्येक बालविकास केन्द्रमा बालविकास कक्षाकोठा व्यवस्थापन गरिनेछ । ८.२ श्रव्य दृश्य सामाग्रीको व्यवस्थापनमा जोड दिइने छ । | ८.१.२ गाउँ भित्रका छुट्टै बालविकास कक्षाकोठा भएका विद्यालयहरुमा कार्पेङि र प्लास्टिक म्याट सहितको कोठा व्यवस्थापन गर्ने । ८.२.३ असल व्यवस्थापनको अभ्यास भएको विद्यालयको बालविकास केन्द्रहरुका लागि एक टेलिभिजनको व्यवस्था गर्ने । | ☐ कक्षा छोड्ने दर कम हुने, ☐ विद्यार्थी नियमित भई सिकाइ वातावरमा विद्यार्थी रमाउने । | बालविकास उमेरका बालबालिकाहरु | पहिलो |

## २.४ बालविकास केन्द्रमा देखिएका चुनौति न्युनिकरण गर्ने उपायहरु :

यस पालिका भित्रका सबै बालबालिकाहरुलाई बालविकास केन्द्रको पहुँचमा पुरयाई विद्यालयमा टिकाइ राख्न र शिक्षाको आधारशिलाको रुपमा तयार गर्नका लागि देखिएका विभिन्न चुनौतिहरुलाई न्युनिकरण गर्नका लागि चालु आ.व.मा गर्न सकिने कार्यक्रम, कार्यबिधि, लागत तथा कार्यान्वयन गर्ने जिम्मेवार निकायको बारेमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| रणनीति | कार्यक्रम/क्रियाकलाप | अनुमानित लागत | जिम्मेवारी निकाय | समता रणनीतिलाई सम्बोधन गर्ने पाटो |
|---|---|---|---|---|
| १.१.१ बालविकास केन्द्रका बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप विभिन्न सामाग्रीहरु वितरण गर्ने । १.१.२ विद्यालय बाहिरका | ☐ नयाँ तथा अध्ययनरत बालबालिकाहरुलाई झोला, ड्रेस, कापी र सिसाकलम वितरण गर्ने ☐ भर्ना अभियान | रु. ३,००,०००/- रु. ३९,०००/- | गाउँपालिका, वडा, विद्यालय, स्वास्थ्य संस्थाहरु | ☐ बालबालिकाहरुको विद्यालय उपस्थिति दर बढ्नेछ । ☐ बालबालिककाहरु विद्यालयमा |

| | | | | |
|---|---|---|---|---|
| बालबालिकाहरुको पहिचान र भर्नामा वडा समितिका पदधिकारी, शिक्षक, स्वयम्सेवकहरुलाई परिचालन गर्ने ।<br>२.१.१ पोषण, सरसफाई, बालविकास तथा जन्मदर्ता लगायतका बालअधिकारको विषयमा अभिभावकहरुलाई सचेतना मूलक तालिम संचालन गर्ने ।<br>२.१.२ सबै बालविकास केन्द्रमा दिवा खाजाको व्यवस्थालाई थप प्रभावकारी बनाउने ।<br>२.१.३ बालबालिकाको स्वास्थ्यको लागि नियमित खोप सेवा तथा स्वास्थ्य परीक्षण अनिवार्य गर्ने र विद्यालय भर्नामा जन्मदर्ता अनिवार्य गर्ने | तथा अभिभावक सचेतिकरण कार्यक्रम संचालन गर्ने ।<br><br>☐ दिवा खाजा व्यवस्थालाई थप प्रभावकारी बनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न गाउँस्तरिय अनुगमन उप समिति गठन गरी अनुगमन गर्ने ।<br><br>☐ गाउँ भित्रका शैक्षिक सरोकारवालाहरु सँगको अन्तर्क्रिया कार्यक्रम संचालन<br><br>☐ गाउँपालिकाको आर्थिक सहयोगमा ५ ओटा नयाँ बालविकास केन्द्र स्थापना तथा व्यवस्थापन गर्ने । | रु. ३९,०००/-<br><br>रु.२,५०,०००/- | | नियमित हुने छन् ।<br>☐ अभिभावकहरु पोषण, सरसफाई तथा बालअधिारका कुराहरु व्यवहारमा ल्याउने छन् ।<br>☐ बालविकास उमेरका बालबालिकाहरुको बा.वि.के.मा पहुँच बृद्धि हुने |
| ३.१.१ बालविकास केन्द्र जाने बालबालिकाको संख्या र बालबिकास | | | परवानीपुर गाउँपालिका | ☐ बालविकास केन्द्रहरुको बीचमा सकारात्मक प्रतिप्रर्धा बृद्धि भई |

| | | | | |
|---|---|---|---|---|
| केन्द्रको दुरीको विश्लेषण गरी गाउँपालिकाको आर्थिक सहयोगमा नयाँ बालविकास केन्द्र स्थापना गर्ने । | | | | नमुना केन्द्र विकासमा सहयोग पुग्ने । |
| ३.१.२ नयाँ स्थापना भएका बालविकास केन्द्रका सहजकर्ताहरुलाई पालिकाको सहयोगमा पारिश्रमिक उपलब्ध गर्ने । | ☐ गाउँपालिकाको आर्थिक सहयोगमा ५ जना सहजकर्तालाई पारिश्रमिक उपलब्ध गराउने । | रु.४,५०,०००/- | परवानीपुर गाउँपालिका | ☐ विद्यालय छाड्ने दरमा कमि आउने । |
| ४.१.१ गाउँपालिकाभित्रका बालविकास केन्द्रको अध्ययन गरी नमुना बालविकास केन्द्रको रुपमा विकास गर्न प्रोत्साहन स्वरुप नगद तथा सामाग्री पुरस्कारको व्यवस्था गर्ने । | ☐ उत्कृष्ठ बा.वि.केन्द्रलाई प्रोत्साहन स्वरुप नगद तथा सामाग्री पुरस्कारको व्यवस्था गर्ने ।<br>☐ असल व्यवस्थापनको अभ्यास भएको दुई विद्यालयको बालविकास केन्द्रहरुका लागि एक/एक टेलिभिजनको व्यवस्था गर्ने । | रु. २५,०००/-<br>रु.१,५०,०००/- | गाउँपालिका, वडा, विद्यालय, स्वस्थ्य संस्थाहरु | ☐ नमूना बालविकास केन्द्रको अभ्यास अन्य स्थान तिर पनि सुरु हुने ।<br>☐ बालबालिकाहरुको विकासमा अनुकूल वातावरण तयार हुने । |
| ५.१.१ सहजकर्ताहरुको लागि बसाइ व्यवस्थापन, | ☐ बसाइ व्यवस्थापन, शैक्षिक सामग्री निर्माण सहित | रु. १,००,०००/- | गाउँपालिका तथा संघसस्थाहरु | ☐ सहजकर्ताको क्षमता बृद्धि हुने ।<br>☐ कक्षा छोड्ने |

| | | | | |
|---|---|---|---|---|
| शैक्षिक सामग्री निर्माण सहित आधारभूत तथा पुर्नताजगी तालिम दिने ।<br>५.१.२ बालविकास केन्द्रका सहजकर्ताहरुको विषयगत त्रैमासिक कार्यशाला गोष्ठी संचालन गर्ने ।<br>५.२.१ बालविकास केन्द्रमा शैक्षिक सामाग्री राख्ने दराजको व्यवस्था गर्ने,<br>५.३.१ बालबालिकाको व्यक्तिगत क्षमता पहिचान गरी स्थानीय भाषामा सिकाई क्रियाकलाप गर्ने । | आधारभूत तथा पुर्नताजगी तालिम दिने ।<br><br>☐ त्रैमासिक कार्यशाला गोष्ठी संचालन गर्ने । | रु. २०,०००/- | | दर कम हुने,<br>☐ विद्यार्थी नियमित भई सिकाइ वातावरणमा विद्यार्थी रमाउने । |
| ६.१.१ बाहिरी खेलहरु (चिप्लेटी, चाकाचुली आदि) का साथै भित्री खेल समाग्रीहरु व्यवस्था गर्न सम्भाव्यता अध्ययन गरी सो अनुसार व्यवस्थापन गर्ने ।<br>६.१.२ बालविकास केन्द्रका बालबालिकाहरुलाई आधारभूत भाषिक तथा गणितिय ज्ञान सहितको | ☐ विद्यालयमा खेलमैदान उपलब्ध रहेको अवस्थामा १२ सेट बाहिरी तथा भित्री खेल सामाग्रीहरु खरिद गर्ने<br><br>☐ आधारभूत भाषिक तथा गणितिय ज्ञान सहितको सहयोगी पाठ्यपुस्तक वितरण गर्ने ।<br><br>☐ बालविकास केन्द्र | रु. २,५०,०००/- | गाउँपालिका, वडा, स्वास्थ्य | ☐ खेल मैत्री बालकिास केन्द्रको स्थापना हुने,<br><br>☐ बाल सहभागिताको सुनिश्चिततामा बढवा हुन |

| | | | | |
|---|---|---|---|---|
| सहयोगी पाठ्यपुस्तक वितरण गर्ने । ६.१.३ बालविकास केन्द्र नियमित अनुगमन तथा सहयोग गर्ने । ६.२.१ बा.वि.केन्द्रको सुरक्षाका लागि सहजकर्तालाई जिम्मेवारी बनाइने छ । | नियमित अनुगमन तथा सहयोग कार्यक्रम संचालन गर्ने । | | | |
| ७.१.१ बालविकास केन्द्रका पदाधिकारीहरुको क्षमता विकासका लागि अन्तर्क्रियात्मक कार्यक्रम संचालन गर्ने । ७.१.२ बालविकासको गतिविधिको बारेमा अभिभावकलाई जानकारी दिन विद्यालयगत अभिभावक भेला तथा छलफल गरिनेछ । | □ बालविकास केन्द्रका पदाधिकारीहरुको क्षमता विकासका लागि अन्तर्क्रियात्मक कार्यक्रम संचालन गर्ने । | रु. ३०,०००/- | गाउँपालिका, वडा, स्वास्थ्य संस्था तथा विभिन्न संघसस्थाहरु | □ क्षमता विकास तथा सहभागितामूलक विद्यालय गतिबिधिमा बढोत्तरी आउने । |
| ८.१.२ गाउँ भित्रका छुट्टै बालविकास कक्षाकोठा भएका विद्यालयहरुमा कार्पेङि र प्लास्टिक म्याट सहितको कोठा व्यवस्थापन गर्ने । | □ ५ ओटा थप बालविकास केन्द्र लगायत अन्य बा.वि.के.को लागि कार्पेट र प्लास्टिक म्याट खरिद गर्ने । | रु. १,५०,०००/- | गाउँपालिका, वडा, स्वास्थ्य संस्था तथा विभिन्न संघसस्थाहरु | □ व्यवस्थित बालविकास केन्द्रको अवधारणा अनुसार न्युनतम कार्यको सुरुवात हुने । |

| | | | | |
|---|---|---|---|---|
| ९.१.१ गाउँपालिकाको आर्थिक सहयोगमा पिउने पानी नभएका विद्यालयहरुमा आवश्यक व्यवस्था मिलाउने । | □ पिउने पानीको व्यवस्था नभएका विद्यालयहरुमा डिप कलको व्यवस्था गर्ने । | रु. २,६०,००० /- | | □ विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्थापन हुने । |

## २.५ अनुगमनका साधनहरु

परवानीपुर गाउँपालिकामा लागु भएको समता रणनीति कार्यान्वयन योजना अन्तर्गत अगामी आ.व.मा कार्यन्वयन हुने कार्यक्रमहरुको उपलब्धि मापन गर्ने अनुगमनमका साधनहरु देहाय अनुसार रहनेछ ।

| साधन | कार्यक्रम | हालको शैक्षिक सूचक | परिवर्तन हुने शैक्षिक सूचक | समता रणनीलाई सम्बोधन गर्ने पाटो |
|---|---|---|---|---|
| शिक्षक तथा विद्यार्थीको उपस्थिति | अनुगमन, अवलोकन तथा सुपरिवेक्षण | १९५ दिन | उपस्थिति दर बढ्ने । | सम्बन्धित उमेर समूहका बालबालिहरु बालविकास केन्द्रको पहुँचमा पुग्ने । |
| बालबालिकाहरुको भर्ना | | ९५ | भर्ना दर बढ्ने | |
| खेलकुद तथा अतिरिक्त क्रियाकलापमा बालबालिकाहरुको सहभागिता र प्रस्तुति | | न्युन क्रियाकलाप संचालन भएको । | बालबालिकाहरुको खेलकुद तथा अतिरिक्त क्रिर्याकलापमा सहभागि हुने । | सिकाइ उपलब्धि बृद्धि |
| अभिभावकहरुको शैक्षिक कार्यक्रममा सहभागिता | | अभिभावकहरुको विद्यालयको शैक्षिक कार्यक्रमहरुमा न्युन उपस्थिति रहने गरेको । | अभिभावकहरुको विद्यालयको शैक्षिक कार्यक्रमहरुमा सक्रिय सहभागिता बढ्ने । | पहुँच । |

## २.६ प्रमुख कार्यक्रम तथा अनुमानित लागत

परवानीपुर गाउँपालिकामा लागु भएको समता रणनीति कार्यन्वयन योजना अन्तर्गत चालु आ.व.मा कार्यन्वयन हुने मुख्य मुख्य कार्यक्रमहरु, तीनको लागत विवरण र ती कार्यक्रमहरुले समता रणनीतिको सम्बोधन गर्ने पाटो देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रमहरु | अनुमानित लागत | समता रणनीतिलाई सम्बोधन गर्ने पाटो | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ भएका बालबालिकाहरुलाई झोला, ड्रेस, कापी र सिसाकलम वितरण गर्ने । | रु. ३,००,०००/ | पहुँच र सहभागिता | |
| २ | भर्ना अभियान तथा अभिभावक सचेतिकरण कार्यक्रम संचालन गर्ने । | रु. ३९,०००/- | | |
| ३ | दिवा खाजा व्यवस्थालाई थप प्रभावकारी बनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न गाउँस्तरिय अनुगमन उप समिति गठन गरी अनुगमन गर्ने । | | प्रभावकारिता | |
| ४ | गाउँपालिका भित्रका शैक्षिक सरोकारवालाहरु सँगको अन्तर्क्रिया कार्यक्रम संचालन गर्ने । | रु. ३०,०००/- | सक्रियता | |
| ५ | गाउँपालिकाको आर्थिक सहयोगमा ५ ओटा नयाँ बालविकास केन्द्र स्थापना तथा व्यवस्थापन गर्ने । | रु.२,५०,०००/- | पहुँच र सहभागिता | गाउँपालिकाको आर्थिक सहयोगमा |
| ६ | गाउँपालिकाको आर्थिक सहयोगमा ५ जना सहजकर्तालाई पारिश्रमिक उपलब्ध गराउने । | रु.४,५०,०००/- | | |
| ७ | उत्कृष्ठ बा.वि.केन्द्रलाई प्रोत्साहन स्वरुप नगद तथा सामाग्री पुरस्कारको व्यवस्था गर्ने । | रु. २५,०००/- | गुणस्तरमा सुधार | |
| ८ | असल व्यवस्थापनको अभ्यास भएको विद्यालयको बालविकास केन्द्रहरुका लागि एक टेलिभिजनको व्यवस्था गर्ने । | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | बसाइ व्यवस्थापन, शैक्षिक सामग्री निर्माण सहित आधारभूत तथा पुर्नताजगी तालिम दिने । | रु.१,००,०००/- | | |
| १० | त्रैमासिक कार्यशाला गोष्ठी संचालन गर्ने । | रु. २०,०००/- | क्षमता अभिवृद्धि | |
| ११ | विद्यालयमा खेलमैदान उपलब्ध रहेको अवस्थामा बाहिरी तथा भित्री खेल सामाग्रीहरु वितरण गर्ने । | रु.२,५०,०००/- | सिकाइ उपलब्धिमा बृद्धि | |
| १२ | आधारभूत भाषिक तथा गणितिय ज्ञान सहितको सहयोगी पाठ्यपुस्तक वितरण गर्ने । | रु. २५,०००/- | | |
| १३ | बालविकास केन्द्र नियमित अनुगमन तथा सहयोग कार्यक्रम संचालन गर्ने । | रु.१,५०,०००/- | सहकार्य र समन्वय | |
| १४ | बालविकास केन्द्रका पदाधिकारीहरुको क्षमता विकासका लागि अन्तर्क्रियात्मक कार्यक्रम संचालन गर्ने । | रु. १५,०००/- | सहभागितामा बृद्धि | |
| १५ | ५ ओटा नयाँ बालविकास केन्द लगायत अन्य बा.वि.के.को लागि कार्पेट र प्लास्टिक म्याट खरिद गर्ने । | रु.१,५०,०००/- | केन्द्रको क्षमता वृद्धि | |
| १६ | पिउने पानीको व्यवस्था नभएका विद्यालयहरुमा डिप कलको व्यवस्था गर्ने । (कुनै तीन विद्यालयमा) | रु. ९०,०००/- | गुणस्तरियता | गाउँपालिकाको आर्थिक सहयोगमा |
| जम्मा | | | | |

**पुनश्च :**

१. यहाँ राखिएका १६ ओटा कार्यक्रमहरु मध्ये पालिको आन्तरिक स्रोतबाट संचालन हुने कार्यक्रमहरु गाउँपालिकाको आर्थिक सहयोग र अन्य कार्यक्रमहरु नेपाल सरकार मार्फत प्राप्त हुने विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतको आर्थिक सहयोगमा कार्यान्वयन हुनेछन् ।

२. कार्यक्रम कार्यान्वय प्राथमिकताका आधारमा गरिनेछ । जस्तै पहिलो प्राथमिकतामा परेका कार्यक्रमहरु पहिले र दोस्रो प्राथमिकताका कार्यक्रमहरु त्यसपछि कार्यान्वयन हुनेछन् ।

३. यहाँ प्रस्तुत गरिएका कार्यक्रमहरुको लागत प्रारम्भिक अनुमान मात्र भएकोले वास्तविक मुल्यमा हेरफेर भएको अवस्थामा दोस्रो प्राथमिकताका कार्यक्रमहरु कटौति हुन सक्नेछन् भन्ने बजेट विनियोजन भएपछि मात्र कार्यक्रम कार्यान्वयन हुनेछन् ।

# अध्याय : तीन -आधारभूत तह शिक्षा

## ३.१ आधारभूत तह शिक्षा

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार ५ देखी १२ वर्ष उमेरका बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा प्रदान गरिने व्यवस्था रहेको छ भने नेपालको संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निशुल्क पाउने संवैधानिक व्यवस्था गरेको छ । संविधानको यही मौलिक हकलाई कार्यान्वयन गर्न अनिवार्य र निशुल्क शिक्षा सम्बन्धि ऐन २०७६ पनि कार्यान्वयनमा रहेको छ । नेपालका सबै बालबालिकाहरुलाई अनिवार्य र निशुल्क शिक्षा प्रदान गर्नका लागि स्थानिय तहहरुले पनि विभिन्न कार्यविधि र मापदण्डहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छन् । यस्तै राजपुर गाउँपालिकापनि यहाँका सबै बालबालिकाहरुलाई अनिवार्य र निशुल्क आधारभूत शिक्षा प्रदान गर्न विभिन्न संघसस्था, प्रदेश तथा संघिय सरकारसँग समन्वय र सहकार्य गर्दै अगाडी बढिरहेको अवस्था छ ।

सबै बालबालिकाहरुको पहुँचमा आधारभूत तहको शिक्षा पुरयाउन एक महत्वपूर्ण योजनाका रुपमा लागु भएको समता रणनीति कार्यान्वयन योजनाले यस पालिका भित्रका विद्यालय बाहिर रहेका धेरै बालबालिकाहरुलाई विद्यालयमा ल्याउने अपेक्षा राखिएको छ ।

समता रणनीति कार्यान्वयन योजना २०७७ मा गरिएको सर्भेक्षण अनुसार यस पालिकाको कुल जनसंख्या २२,७८७ मध्ये विद्यालय उमेर समूह(४ वर्ष देखि १४ वर्ष )का करिब ७०० जना बालबालिकाहरु अझै पनि विद्यालय बाहिर रहेका छन् । यस्ता बालबालिकाहरुलाई विद्यालयमा ल्याउनु यस योजनाको लक्ष्य हो ॥ शारीरिक रुपमा फरक क्षमता भएका बालबालिकाहरुलाई अध्ययन गर्ने विशेष विद्यालयहरु यस पालिकामा नभएकोले त्यस्ता बालबालिकाहरुको शिक्षा प्राप्तिको अधिकार अझै पनि व्यवहारिक रुपमा लागु हुन सकिरहेको छैन । यस योजनाले यस्तै विविध समस्याहरुको पहिचान गरी विद्यालय बाहिरका बालबालिकाहरुलाई विद्यालयमा ल्याइ टिकाइ राख्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा राखिएको छ ।

## ३.२ योजना कार्यान्वयनका चुनौतिहरु

परवानीपुर गाउँलिकामा आधारभूत तहको शिक्षा प्रदान गर्नका लागि देखिएका चुनौतिहरु :

१. विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापन हुन नसक्नु,
२. दिर्घकालिन योजना निर्माण भई सो अनुसार कार्य गर्ने परिपाटी नहुनु,
३. विद्यालय तथ्याङ्कमा पूर्ण विवरण नहुनु,
४. दक्ष शिक्षक व्यवस्थापन हुन नसक्नु,
५. विद्यालयको लागि आवश्यक पर्ने भौतिक व्यवस्थापन हुन नसक्नु,

६. जनचेतना अभावको कारण सामुदायिक विद्यालयहरु प्रति अभिभावकहरुको धारणा सकारात्मक हुन नसक्नु,

## ३.३ समता रणनीति तथा कार्यक्रम

परवानीपुर गाउँपालिकामा आधारभूत तहको शिक्षा प्रदान गर्न देखिएका चुनौतिहरुलाई न्युनिकरण गर्न तय गरिएको समता रणनीति, कार्यविधि, कार्यक्रम तथा कार्यक्रमले समेट्ने समता रणनीतिलाई सम्बोधना गर्ने पाटो निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| रणनीति | कार्यनीति | कार्यक्रम | समता रणनीलाई सम्बोधन गर्ने पाटो | लक्षित समूह | प्राथमिकता |
|---|---|---|---|---|---|
| १. विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालयको पहुँच पुऱ्याउने । | १.१ विद्यालय भर्ना नभएका बालबालिकाहरुको पहिचान गरी विद्यालयमा भर्ना गरिनेछ । १.२ विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । | १.१.१ विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप विभिन्न सामाग्री तथा नयाँ भर्ना भएका विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण गर्ने । १.१.२ विद्यालय बाहिरका बालबालिकाहरुको पहिचान र भर्नामा वडा समितिका पदधिकारी, शिक्षक, स्वयम्सेवकहरुलाई परिचान गर्ने । | ☐ बालबालिकाहरुको विद्यालयमा पहुँच बढ्ने । | ☐ विद्यालय उमेर उमेरका बालबालिका | पहिलो |
| २. नियमित रुपमा शिक्षण सिकाइ क्रियाकलापको सुनिश्चितता गर्ने । | २.१ शिक्षक तथा विद्यार्थीहरुको दैनिक उपस्थितिको नियमन गरी नियमित गरिने छ । | २.१ विद्यार्थी तथा शिक्षकहरुको दैनिक उपस्थिति दर बढाउन दैनिक हाजिरी प्रणालीमा सुदृढिकरण गर्ने । २.१.२ विद्यार्थीहरुको नियमित रुपमा हाजिरी तथा कार्यकलापहरुको अभिलेखिकरण गर्ने | ☐ सिकाइ उपलब्धिमा बृद्धि । ☐ बाल सहभागितामा बढोत्तरी । | ☐ शिक्षक तथा विद्यार्थीहरु | पहिलो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | । २.१.३ गाउँपालिकाबाट कम्तिमा महिनाको एक पटक विद्यालयको अनुगमन गर्ने । | | | |
| ३. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको पूर्णरुपमा अवलम्बन गर्ने । | ३.१ निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि अभिलेखहरु चुस्तदुरुस्त राखिने छ । | ३.१.१ प्रत्येक बालबालिकाहरुको व्यक्तिगत प्रोफाइल तयार गर्ने । ३.१.२ अभिभावकहरुको सक्रियतामा बालबालिकाहरुलाई पृष्ठपोषण प्रदान गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने । ३.१.३ आधारभूत तहमा अध्यापन गराउने शिक्षकहरुको लागि CAS सम्बन्धि तालिम संचालन । | ☐ सिकाइ उपलब्धिमा बृद्धि । ☐ बाल सहभागितामा बढोत्तरी । | ☐ विद्यालय उमेर उमेरका बालबालिका, शिक्षक तथा अभिभावक | पहिलो |
| ४. खेलकुद तथा अतिरिक्त क्रियाकलापमा बृद्धि गर्ने । | ४.१ नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलापको व्यवस्थित कार्यतालिका निर्माण गरिने छ । | ४.१.१ बालसुलभ खेलकुद सामाग्रीहरु उपलब्ध गराउने । ४.१.२ गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलापको आयोजना, संचालन तथा पुरस्कारको व्यवस्था गर्ने । | ☐ बाल सहभागितामा बढोत्तरी । | ☐ बालबालिका | पहिलो |
| ५. शैक्षिक भ्रमणका माध्यमबाट सिकाइ अनुभव हस्तान्तरण | ५.१ एक कार्यदिन भित्र स्थानिय महत्वको ठाउँ तथा | ५.१.१ बालबालिकाहरुलाई पद यात्रा गरी स्थानिय | ☐ सिकाइ उपलब्धिमा बृद्धि । ☐ बाल | ☐ बालबालिका, शिक्षक तथा | दोस्रो |

| | | | | | |
|---|---|---|---|---|---|
| गर्ने । | विद्यालयहरुमा शैक्षिक भ्रमणको व्यवस्था मिलाइने छ ।<br>५.२ गाउँपालिकाभित्रका प्र.अ. तथा गाउँकार्यपालिका पदाधिकारीहरुको संयुक्त शैक्षिक भ्रमणको आयोजना गरिनेछ । | ऐतिहासिक महत्वका स्थान तथा विद्यालयहरुमा एक कार्य दिनमा सम्पन्न हुने शैक्षिक भ्रमणको आयोजना गर्ने ।<br>५.२ गाउँपालिकाभित्रका प्र.अ. तथा गाउँकार्यपालिका पदाधिकारीहरुको संयुक्त शैक्षिक भ्रमणको आयोजना गर्ने । | सहभागितामा बढोत्तरी । | शैक्षिक सरोकारवाला निकाय | |
| ६. शैक्षिक तथ्याङ्कको सत्यापिकरणका लागि तालिम संचालन गर्ने । | ६.१ गाउँपालिका भित्रको शैक्षिक तथ्याङ्कको व्यवस्थापनका लागि शिक्षक तालिम संचालन गरिनेछ । | ६.१.१ गाउँपालिका भित्रको शैक्षिक तथ्याङ्कको व्यवस्थापनका लागि शिक्षक तालिम संचालन गर्ने । | □ सहभागिता र पहुँचमा बृद्धि । | □ शिक्षक तथा प्र.अ. | पहिला |

## ३.४ प्राथमिकतामा राखिएका कार्यक्रमहरुको अनुमानित लागत

समता रणनीति कार्यान्वयन योजनाका कार्यक्रमहरुको प्राथमिकता अनुसार अनुमानित लागतलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| कार्यक्रम | कार्यबिधि | अनुमानित लागत | जिम्मेवारी निकाय | समता रणनीलाई सम्बोधन गर्ने पाटो | बजेटको स्रोत |
|---|---|---|---|---|---|
| १.१.१ विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई | □ विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई | रु.३,२५,०००/- | □ गाउँपालिका, | □ सहभागिता, | नेपाल सरकार, |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रोत्साहन स्वरुप विभिन्न सामाग्री तथा नयाँ भर्ना भएका विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण गर्ने ।<br>१.१.२ विद्यालय बाहिरका बालबालिकाहरुको | प्रोत्साहन स्वरुप अभ्यास पुस्तिका, झोला,जियोमेट्रिक बक्स, डटपेन वितरण गर्ने । | | विद्यालय, वडा कार्यालय, विभिन्न संघसस्थाहरु | सिकाइ उपलब्धिमा बढोत्तरी | |
| पहिचान र भर्नामा वडा समितिका पदधिकारी, शिक्षक,स्वयम् सेवकहरुलाई परिचान गर्ने । | ☐ सरोकारवालाहरुको बीचमा शैक्षिक अर्न्तक्रियात्मक कार्यक्रम संचालन गर्ने । | रु. ४०,०००/- | | | नेपाल सरकार, |
| २.१ विद्यार्थी तथा शिक्षकहरुको दैनिक उपस्थिति दर बढाउन दैनिक हाजिरी प्रणालीमा सुदृढिकरण गर्ने ।<br>२.१.२ विद्यार्थीहरुको | ☐ दैनिक उपस्थितिदर बृद्धि गर्नका लागि विद्यार्थी अभिलेख रजिष्टर कार्यान्वयन । | रु. २०,०००/- | ☐ गाउँपालिका, विद्यालय, वडा कार्यालय, विभिन्न संघसस्थाहरु | ☐ पहुँच सुनिश्चित | नेपाल सरकार, पालिका, विभिन्न संघ सस्थाहरु |
| नियमित रुपमा हाजिरी तथा कार्यकलापहरुको अभिलेखिकरण गर्ने ।<br>२.१.३ गाउँपालिकाबाट | ☐ विद्यार्थी तथा शिक्षकको नियमिताको लागि प्र.अ.हरुलाई जिम्मेवार बनाउने । | रु. १५,०००/- | ☐ गाउँपालिका, विद्यालय, वडा कार्यालय, विभिन्न संघसस्थाहरु | ☐ सहभागिता | नेपाल सरकार, पालिका, विभिन्न संघ सस्थाहरु |
| कम्तिमा महिनाको एक पटक विद्यालयको अनुगमन गर्ने । | ☐ गाउँपालिकाबाट नियमित अनुगमन गरी पालिकामा प्रतिवेदन पेश गर्ने । | | ☐ शिक्षा अधिकृत, प्र.अ., वडाध्याक्ष, विभिन्न संघसस्थाहरुका प्रतिनिधिहरु | ☐ प्रभावकारीता, सिकाइ उपलब्धि बृद्धि | नेपाल सरकार, पालिका, विभिन्न संघ सस्थाहरु |
| ३.१.१ प्रत्येक बालबालिकाहरुको | ☐ प्रत्येक | रु. ७०,०००/- | ☐ विद्यालय, | ☐ सिकाइ | नेपाल सरकार, |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यक्तिगत प्रोफाइल तयार गर्ने । ३.१.२ अभिभावकहरुको सक्रियतामा बालबालिकाहरुलाई पृष्ठपोषण प्रदान गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने । ३.१.३ आधारभूत तहमा अध्यापन गराउने शिक्षकहरुको लागि CAS सम्बन्धि तालिम संचालन । | बालबालिकाहरुको व्यक्तिगत प्रोफाइल तयार गरी कार्यन्वयन गर्ने । | | गाउँपालिका | उपलब्धिमा बृद्धि | पालिका, विभिन्न संघ सस्थाहरु |
| | ☐ बालबालिका, शिक्षक र सम्बन्धित बालबालिकाहरुको अभिभावकहरुको बीचमा अर्न्तक्रियात्मक कार्यक्रम संचालन गर्ने । | रु. ५०,०००/- | ☐ गाउँपालिका, विद्यालय, संघसस्थाहरु | ☐ सहभागितामा बृद्धि | नेपाल सरकार, पालिका, विभिन्न संघ सस्थाहरु |
| ४.१.१ बालसुलभ खेलकुद सामाग्रीहरु उपलब्ध गराउने । ४.१.२ गाउँ स्तरिय अतिरिक्त क्रियाकलापको आयोजना, संचालन तथा पुरस्कारको व्यवस्था गर्ने । | ☐ रिङबल, स्कीपिङ डोरी, भलिवल, ज्याभलिन थ्रो, सटपुट लगायतका खेलसामाग्री खरिद गरी विद्यालयमा वितरण गर्ने ।<br><br>☐ गाउँपालिकास्तरिय अतिरिक्त क्रियाकलाप संचालन गर्ने । | रु.१,२०,०००/-<br><br>रु.९०,०००/- | ☐ गाउँपालिका, विद्यालय, संघसस्थाहरु | ☐ सिकाइ उपलब्धिमा बृद्धि | नेपाल सरकार, पालिका, विभिन्न संघ सस्थाहरु |
| ५.१.१ बालबालिकाहरुलाई पद यात्रा गरी स्थानिय ऐतिहासिक महत्वका स्थान तथा विद्यालयहरुमा एक | ☐ गाउँपालिकाभित्रका प्र.अ. तथा गाउँकार्यपालिका पदाधिकारीहरुको संयुक्त शैक्षिक भ्रमण गर्ने । | रु.१,५०,०००/- | गाउँपालिका | ☐ सहभागिता तथा सिकाइ स्तर बृद्धि | नेपाल सरकार, पालिका, विभिन्न संघ सस्थाहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्य दिनमा सम्पन्न हुने शैक्षिक भ्रमणको आयोजना गर्ने ।<br>५.२ गाउँपालिकाभित्रका प्र.अ. तथा गाउँकार्यपालिका पदाधिकारीहरुको संयुक्त शैक्षिक भ्रमणको आयोजना गर्ने । | | | | | |
| | ☐ बालबालिकाहरुलाई पद यात्रा गरी स्थानिय ऐतिहासिक महत्वका स्थान तथा विद्यालयहरुमा एक कार्य दिनमा सम्पन्न हुने शैक्षिक भ्रमणको आयोजना गर्ने । | रु. ५०,०००/- | ☐ विद्यालय | ☐ सहभागिता तथा सिकाइ स्तर बृद्धि | नेपाल सरकार, पालिका, विभिन्न संघ सस्थाहरु |
| ६.१.१ गाउँपालिका भित्रको शैक्षिक तथ्याङ्कको व्यवस्थापनका लागि शिक्षक तालिम संचालन गर्ने । | ☐ गाउँपालिका भित्रको शैक्षिक तथ्याङ्कको व्यवस्थापनका लागि शिक्षक तालिम संचालन गर्ने । | रु. ७०,०००/- | ☐ गाउँपालिका | ☐ सिकाइ उपलब्धि बृद्धि | नेपाल सरकार, पालिका, विभिन्न संघ सस्थाहरु |
| | | | | | |

## ३.५ प्रमुख कार्यक्रम तथा अनुमानित लागत

समता रणनीति कार्यान्वयन योजनाले आधारभूत तहको शिक्षा प्राप्तिमा सबै बालबालिकाहरुको पहुँच स्थापित गर्दै सिकाइ उपलब्धिमा सुधार गर्न राखिएका प्रमुख कार्यक्रमहरु, लागत अनुमान तथा ती कार्यक्रमहरुले सम्बोधन गर्ने समता रणनीतिको पाटोलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रमहरु | अनुमानित लागत | समता रणनीतिलाई सम्बोधन गर्ने पाटो | समय सिमा |
|---|---|---|---|---|
| १ | विद्यालयमा नयाँ भर्ना भएका बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप अभ्यास पुस्तिका, जियोमेट्रिक बक्स र सिसा कलम वितरण गर्ने । | रु. ३,२५,०००/- | पहुँच र सहभागिता | यस वर्षको लागि माघ मसान्त सम्म तथा आगामी शैक्षिक सत्रको सुरुमा |
| २ | सरोकारवालाहरुको बीचमा शैक्षिक अर्न्तक्रियात्मक कार्यक्रम संचालन गर्ने । | रु. ४०,०००/- | पहुँच र सहभागिता | प्रति त्रैमासिक |
| ३ | दैनिक उपस्थितिदर बृद्धि गर्नका लागि विद्यार्थी अभिलेख रजिष्टर कार्यन्वयन । | रु. २०,०००/- | प्रभावकारिता | निरन्तर |
| ४ | विद्यार्थी तथा शिक्षकको नियमिताको लागि प्र.अ.हरुसँग करारनामा गराइ कार्यदक्षताको आधारमा प्रोत्साहन । | रु. २५,०००/- | क्षमता अभिवृद्धि | प्रति चौमासिक |
| ५ | गाउँपालिकाबाट नियमित अनुगमन गरी पालिकामा प्रतिवेदन पेश गर्ने । | निशुल्क । | गुणस्तपरियता र सहभागिता | निरन्तर |
| ६ | प्रत्येक बालबालिकाहरुको व्यक्तिगत प्रोफाइल तयार गरी कार्यन्वयन गर्ने । | रु. ७०,०००/- | गुणस्तपरियता र सहभागिता | निरन्तर |
| ७ | बालबालिका, शिक्षक र सम्बन्धित बालबालिकाहरुको अभिभावकहरुको बीचमा अर्न्तक्रियात्मक कार्यक्रम संचालन गर्ने । | रु. ५०,०००/- | | प्रति दुई महिनामा एक पटक |
| ८ | रिङबल, स्कीपिङ डोरी, भलिवल, ज्याभलिन थ्रो, सटपुट | रु. १,२०,०००/- | गुणस्तर, सहभाति र सिकाइ उपलब्धिमा | कार्यक्रमको पहिलो र दोस्रो महिना |

| | | | | |
|---|---|---|---|---|
| | लगायतका खेलसामाग्री खरिद गर्न विद्यालयलाई सहयोग गर्ने । | | सुधा | भित्र |
| ९ | गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलापहरु (तीन ओटा) संचालन गर्ने । | रु. ९०,०००/- | सिकाइ उपलब्धिमा बृद्धि | प्रति दुई महिनामा एक पटक |
| १० | गाउँपालिकाभित्रका प्र.अ. तथा गाउँकार्यपालिका पदाधिकारीहरुको संयुक्त शैक्षिक भ्रमण गर्ने । | रु. १,५०,०००/- | क्षमता अभिवृद्धि | शैक्षिक सत्रमा एक पटक |
| ११ | बालबालिकाहरुलाई पद यात्रा गरी स्थानिय ऐतिहासिक महत्वका स्थान तथा विद्यालयहरुमा एक कार्य दिनमा सम्पन्न हुने शैक्षिक भ्रमणको आयोजना गर्ने । | रु. ५०,०००/- | सिकाइ उपलब्धि तथा क्षमतामा बृद्धि | विद्यालयको अनुकूलता अनुसार |
| १२ | गाउँपालिका भित्रको शैक्षिक तथ्याङ्कको व्यवस्थापनका लागि शिक्षक तथा प्र.अ.हरुलाई तालिम संचालन गर्ने । | रु. ७०,०००/- | सिकाइ उपलब्धि तथा क्षमतामा बृद्धि | फाल्गुन/चैत्र |
| १३ | गाउँपालिकास्तरिय पठन मेला आयोजना गर्ने । (दुई पटक) | रु. १,००,०००/- | सिकाइ उपलब्धिमा बृद्धि | फाल्गुन/चैत्र |
| १४ | शिक्षक, प्र.अ., निर्वाचित पदाधिकारी तथा शैक्षिक सरोकारवाला बीचको अर्न्तक्रिया | रु. ५०,०००/- | सिकाइ उपलब्धि तथा क्षमतामा बृद्धि | प्रति त्रैमासिकमा एक पटक |
| | | | | |

**पुनश्च :**

१. आधारभूत तहको शिक्षामा सबै बालबालिकाहरुको पहुँच र सहभागिता स्थापित गर्न तथा सिकाई उपलब्धि अभिबृद्धिका लागि माथि तय गरिएका कार्यक्रमहरुको लागत अनुमानित हो र यो लागत अनुमानमा फरक पर्न गएमा पहिलो प्राथमिकतामा रहेका कार्यक्रमहरुलाई लागत पुरा गरी दोस्रो प्राथमिकताका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२. गाउँपालिकाबाट आर्थिक दायित्व प्राप्त हुने कार्यक्रम गाउँपालिकाबाट बजेट विनियोजन भएको अवस्थामा मात्र कार्यान्वयन हुनेछन् ।

गाउँसभाबाट स्वीकृत मितिः २०७८।०३।०७

प्रमाणीकरण मितिः २०७९।०१।२२

आज्ञाले

मुन्ना साह रौनियार

प्रमुख प्रशासकीय अधिकृत